विषय :- सिफारिस गर्ने सम्बन्धमा

श्री स्थानीय तह सबै  ताप्लेजुङ्ग

श्री वडा कार्यालय सबै ताप्लेजुङ्ग

प्रस्तुत विषयमा तहा नगरपालिका गाउँ पालिका तथा वडा कार्यालयहरुबाट यस कार्यालयमा विभिन्न सिफारिसहरु गर्ने क्रममा तपशिल बमोजिमका त्रुटिहरु हुने गरेको पाइएकोले चुस्त सेवा प्रवाहमा बाधा पुगेको हुँदा कागजात राम्रोसँग अध्ययन गरी त्रुटिरहित सिफारिस पठाउनु हुन जानकारी गराइन्छ । साथै राष्ट्रिय परिचय पत्र बनाउनका लागि आवश्यक कागजातको विवरण समेत जानकारीका लागि पठाइएको छ।

तपशिल

१. नागरिकता सिफारिस सम्बन्धी सेवा प्रवाह गर्दा तहाँबाट हुने त्रुटिहरु

- अनुसूचि १ पातलो र कमसल कागज प्रयोग गरी पठाउने गरिएको
- नागरकता अनुसूचि फारम पूरा नभरी पठाउने गरेको (बाबु, आमाको नाम, ठेगाना, जन्ममिति आदि)
- सनाखत बस्ने व्यक्ति एक जना सिफारिसमा अर्कै व्यक्ति उल्लेख भई आउने गरेको
- सनाखतका लागि आमा, बाबु वा तीन पुस्ता आउनु पर्नेमा अरुलाई नै पठाउने गरेको
- हालसालै खिचेको (स्पष्ट मुखाकृत देखिने पासपोर्ट साइजको) फोटो हुनुपर्नेमा पुरानै फोटो राखी सिफारिस गर्ने गरेको
- वडा अध्यक्षले मुखाकृत बिग्रिने गरी फोटोमा दस्तखत गर्ने गरेको
- सिफारिस/अनुसूचिमा वडाअध्यक्षले दस्तखत, छाप र कार्यालयको छाप छुट्ने गरेको, चलानी नं छुट्ने गरेको
- नाता प्रमाणित गर्दा सबैको विवरण नखोली पठाउने गरेको
- घटनादर्तामा बाजे, बाबु, आमाको नाम नागरिकता नं जारी मिति गल्ति हुने गरेको
- मार्कसिटको साथमा चारित्रिक प्रमाणपत्र नराखी सिफारिस गर्ने गरेको
- बाबु वा आमाको मृत्यु भएको अवस्थामा मृत्यदर्ता संलग्न नगराई पठाउने गरेको
- घटना दर्ताको प्रतिलिपि जारी गर्दा पुरानो दर्ता मिति नराखी प्रतिलिपि बनाएकै मिति उल्लेख गरी पठाउने गरेको
- सबै स्थानीय तह (वडामा) online घटना दर्ता (VERSP-MIS) लागू भइसकेको भए हातले लेखेर नयाँ घटना दर्ता प्रतिलिपि घटना दर्ता जारी गर्ने गरेको
- कार्यवाहक वडाअध्यक्षको जिम्मेवारी दिइएको पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय पठाउने नगरेको
- विवाहित गरिसकेको महिलालाई अविवाहित भनी सिफारिस गर्ने गरेको
- घटना दर्ता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक नाम जन्ममिति भएको सिफारिस गर्ने गरेको
- सिफारिससँग सक्कल प्रमाणपत्र पठाउने नगरेको
- अनुसूचिमा टाँसेको फोटो २ प्रति पठाउनु पर्नेमा अन्य फोटो पठाउने गरेको

२. नाबालक परिचयपत्रको सिफारिस सम्बन्धी सेवा प्रवाह गर्दा तहाँबाट हुने त्रुटिहरु

- बाबु आमाको नागरिकता, विवाह दर्ता, नाबालकको जन्मदर्ता लगायतका आवश्यक प्रमाणको सक्कल नपठाउने गरेको
- सिफारिसमा टाँसेको फोटो ५ प्रति पठाउनु पर्नेमा सो नपठाउने गरेको

- तोकिएको ढाँचामा सिफारिस गर्नु पर्नेमा सो नगर्ने गरेको

*(नोटः-उल्लिखित त्रुटीहरुको अलावा हुनसक्ने अन्य त्रुटीहरुसमेत यकिन गरी ठीक विवरण भएको हकमा मात्र सिफारिस गरि पठाउनु हुन जानकारी गराइन्छ)*

<u>३ राष्ट्रिय परिचयपत्र बनाउनका लागि आवश्यक कागजातहरु</u>

क. नेपाली नागरिकताको सक्कल

- निम्न अवस्थामा नागरिकताको प्रतिलिपि बनाउनु पर्ने छ ।
    - नागरिकता हराएको वा च्यातिएको अवस्थामा
    - नागरिकताको विवरण प्रष्ट बुझिने नभएमा
    - नागरिकतामा फोटो प्रष्ट बुझिने नभएमा
    - नागरिकतामा टास भएको होलोग्राम स्टिकर उक्किएर हराएको भएमा (२०५८ पछिको नागरिकतामा अनिवार्य स्टिकर हुनु पर्ने)
    - नागरिकतामा कुनै प्रकारको केरमेट गरिएको पाइएमा (केरमेट भएको ठाउँमा अनिवार्य आधिकारिक हस्ताक्षर हुनु पर्ने)
    - नागरिकतामा जारी मिति /जन्म मिति प्रष्ट नभएमा
    - नेपाली पात्रोमा नभएको मिति पाइएमा
    - राहदानी बनाएकोले राहदानीको अंग्रेजी मिति मिले नमिलेको अनिवार्य जाच्नु होला

ख. विवाहित नागरिकको हकमा विवाह दर्ताको सक्कल (२०४७।०१।०१ पछिकाले अनिवार्य विवाह दर्ता नै पेश गर्ने)

नोट (२०४७।०१।०१ अघिको विवाह भए)

- श्रीमतीको नागरिकतामा श्रीमानको नाम उल्लेख भए श्रीमतीको नागरिकताको सक्कल वा
- छोरा छोरीको जन्मदर्ता भए त्यसको सक्कल वा
- बसाइसराइ प्रमाणपत्र भए त्यसमा श्रीमान श्रीमती दुबैको नाम उल्लेख भए बसाइसराइ प्रमाण पत्रको सक्कल वा
- छोरा छोरीको नागरिकतामा बुबा आमा दुवैको नाम उल्लेख भएमा त्यो नागरिकताको सक्कल वा
- वडाबाट श्रीमान श्रीमती भनि नाता प्रमाणित गरेको भए सो सिफारिसको सक्कल

३. अन्य स्थानबाट बसाई सराई गरि आएको हकमा बसाइसराइ प्रमाणपत्रको सक्कल (२०४७।०१।०१ पछि बसाइ सराइ गरेकाले बसाइसराइ प्रमाणपत्रको सक्कल अनिवार्य त्यस अघिकाले बसाइसराइको सिफारिस पेश गर्ने)

४. श्रीमतीको मृत्यु भईसकेको पुरुषको हकमा श्रीमतीको मृत्युदर्ताको सक्कल

५. श्रीमानको मृत्यु भइसकेको महिलाको हकमा

- श्रीमानको मृत्यु दर्ताको सक्कल वा विधवा भत्ता कार्डको सक्कल

६. सम्बन्ध विच्छेद भईसकेको व्यक्तिको हकमा सम्बन्ध विच्छेदको कागजातको सक्कल